म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १३० २०८० चैत १८ गते आइतबार 31 March 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

# एसईईमा दृष्टिविहिन ३ जना परीक्षार्थी



*एसईईमा सहभागी दृष्टिविहिन विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः यस वर्षको विद्यालय शिक्षा परीक्षा (एसईई) मा मकवानपुर जिल्लाबाट दृष्टिविहिन विद्यार्थी ३ जना सहभागी छन् । ती विद्यार्थीले सहयोगीमार्फत परीक्षा दिइरहेका छन् । हेटौँडा-५, पिप्लेस्थित बालज्योति माविमा दृष्टिविहिन विद्यार्थीका लागि पठनपाठनको व्यवस्था मिलाइएको छ । बालज्योति माविमा १४ जना दृष्टिविहिन विद्यार्थी अध्ययनरत छन् ।

दृष्टिविहिन विद्यार्थीका लागि आफ्नै विद्यालयमा परीक्षा दिने व्यवस्था मिलाइएको छ । यस वर्षको एसईईमा मकवानपुरगढी गाउँपालिकाकी सञ्जीव थिङ, थाहा नगरपालिकाकी चञ्चली गुरुङ र बकैया गाउँपालिकाकी सुन्तली तामाङले सहयोगी राखेर परीक्षा दिइरहेको बालज्योति माविका प्रधानाध्यापक भरत अर्यालले जानकारी दिनुभएको छ । हेटौँडा-५, पिप्लेकी अस्मिता राईले भने दृष्टि कमजोर मात्रै भएको र आफैंले लेख्न सक्ने भएकोले परीक्षामा आफैंले लेखिरहनुभएको प्रधानाध्यापक अर्यालले जानकारी दिनुभएको छ ।

दृष्टिविहिन विद्यार्थीका लागि बालज्योति माविमा आवासीय सुविधा रहेको छ । संघीय सरकारले दृष्टिविहिन विद्यार्थीका लागि मासिक चार हजार रुपैयाँ भत्ता उपलब्ध गराउँदै आएको छ । विद्यार्थीका लागि प्राप्त रकमबाट खाने, बस्ने व्यवस्था मिलाउनुका साथै पाँच सय रुपैयाँ भने विद्यार्थीलाई नगदै उपलब्ध गराउने गरिएको छ । एसईई दिने ४ जना बाहेक कक्षा-४, ६ र ७ मा १० जना दृष्टिविहिन विद्यार्थी अध्ययनरत छन् । बालज्योति माविमा अध्ययनरत दृष्टिविहिन सबै विद्यार्थी जिल्लाभित्रकै विद्यार्थी छन् ।

नयाँ भर्ना हुन आउने विद्यार्थीलाई ब्रेल लिपीको प्रयोगमा अभ्यस्त बनाएपछि सामान्य विद्यार्थी सरह नै कक्षामा बस्ने, पढ्ने व्यवस्था मिलाइने प्रधानाध्यापक अर्याल बताउनुहुन्छ। दृष्टिविहिन विद्यार्थी सामान्य विद्यार्थीसँगै पढ्ने र उनीहरुको सिकाई उपलब्धी राम्रो भएको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक अर्यालले भन्नुभयो, "८ कक्षासम्म दृष्टिविहिन विद्यार्थीको नतीजा सामान्य विद्यार्थीको भन्दा पनि राम्रो रहने गर्छ। ९ र १० कक्षामा पुगेपछि विशेषगरी गणित विषयका पाठहरु अध्ययन गर्न र बुझ्न कठिनाई हुँदा पढाई केही खस्कने गरेको छ।"

बालज्योति माविमा दृष्टिविहिन २ जना शिक्षक समेत हुनुहुन्छ। भक्तपुरका प्रविण ग्वाछा स्थायी दरबन्दीका शिक्षक हुनुहुन्छ भने मकवानपुरकै विदुर अधिकारी राहत दरबन्दीका शिक्षक हुनुहुन्छ । बालज्योति माविमा एक समय दृष्टिविहिन २३ जना विद्यार्थी पुगेका थिए। यस वर्षको परीक्षामा ईन्द्रसरोवर गाउँपालिकास्थित सरस्वती बालबोधनी मावि र हेटौँडा-८ स्थित चन्द्रोदय माविका एक/एक जना विद्यार्थीले हात भाँचिएका कारण सहयोगी राखेर परीक्षा दिइरहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी अधिकृत उन्नति ढकालले जानकारी दिनुभएको छ।

# दुर्घटनामा एकै परिवारका ५ जनाको मृत्यु

गोरखाः शनिबार बिहान मुग्लिन नजिकै ट्याक्सी दुर्घटना हुँदा एकै परिवार का ५ जनाको मृत्यु भएको छ भने एकजना बेपत्ता छन् । गोरखा नगरपालिका-७ का शंकर रोकाको उपचारको क्रममा निधन भएपछि उनीहरू अन्तिम संस्कारका लागि काठमाडौं पुगेका थिए । शुक्रबार पशुपति आर्यघाटमा दाहंस्कार गरी फर्कने क्रममा ट्याक्सी दुर्घटनामा परेको पारिवारिक स्रोतले बतायो ।

शुक्रबार राति दाहसंस्कारको काम सकेर परिवारको सदस्य करिब ११ बजे तीन वटा सवारीसाधनमा गोरखा फर्किंदै थिए । शनिबार बिहान दुई गाडी मुग्लिन आइपुगेर केहीबेर कुर्दासम्म ट्याक्सी नआएपछि खोज्दै जाँदा मुग्लिन नजिकै डिभाइडर भाँचिएको देखेपछि त्रिशूलीमा हेर्दा ट्याक्सी खसेको भेटिएको थियो । ट्याक्सीमा सवार ६ मध्ये पाँच जना मृत भेटिएका छन् ।

१८ वर्षीय दिवस रोकाय भने बेपत्ता छन् । उनको खोजीका लागि सशस्त्र प्रहरी बल कुरिटनटारबाट गोताखोर सहितको टोली खटिएको छ। चालकसमेत रहेका गोरखा नगरपालिका-७ का ३२ वर्षीय अर्जुन सिर्मल, ४१ वर्षीया हरिमाया रोका, ७० वर्षीया जुनकिरी रोका, २९ वर्षीया अन्जना रोका र ९ वर्षीय बालक आगमन उपरकोटीको निधन भएको छ। उनीहरू सबै एकै परिवारका हुन् ।

बेपत्ता बनेका दिवस शुक्रबार निधन भएका शंकरका छोरा हुन् । ७० वर्षीया जुनकिरी शंकरकी आमा हुन् । हरिमाया जेठी छोरी, अन्जना कान्छी छोरी र आगमन जुनकिरीको छोरी पट्टिका नाती हुन्। चालक अर्जुन जुनकीरीको ज्वाइँ हुन्। 'अस्पतालमा रहेका शंकरको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ भनेपछि उहाँहरू हिजो काठमाडौं जानुभएको हो, उहाँको हिजै निधन भयो,' परिवारका एक सदस्यले भने,'दाहसंस्कारको काम सकेर फर्कँदै गर्दा यस्तो घटना भयो ।' *स्रोतः इकान्तिपुर ।*

# विश्वासको मत लिने बैठकमा सहभागी नहुन प्रस्ताव आयोः सभामुख पाठक

समाज संवाददाता

सौराहा (चितवन): बागमती प्रदेशका सभामुख भुवन कुमार पाठकले प्रदेश सभामा मुख्मयन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिने बैठकमा आफूलाई सहभागी नहुन प्रस्ताव आएको बताउनुभएको छ । शनिबार चितवनको सौराहामा भएको संचारकर्मीसँगको अन्तरक्रियामा बोल्नुहुँदै सभामुख पाठकले आफूलाई वर्तमान सरकारले विश्वासको मत लिने दिन बैठकमा सहभागी नहुन प्रस्ताव आएको बताउनुभएको हो ।

केही शक्तिबाट सरकारले विश्वासको मत लिने समयमा अप्ठेरोमा पार्नका लागि आफुलाई प्रस्ताव आएको सभामुख पाठकले उल्लेख गर्नुभएको छ । केन्द्रमा सत्ता गठबन्धन परिवर्तन भएसँगै गत फागुन २३ गते बागमती प्रदेशमा नेपाली काङ्ग्रेसले आफ्ना मन्त्रीहरुलाई फिर्ता बोलाएर शालिकराम जम्कट्टेल सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको सरकारले चैत्र १९ मा विश्वासको मत लिने कार्यक्रम तय भइसकेको अवस्थामा जुनै शक्तिको दवाव आए तापनि आफु आफ्नो कार्यबाट प्रभावित नहुने पाठकले बताउनुभएको छ । सभामुख स्वतन्त्र हुनुपर्ने बताउँदै आफू कसैको पक्षमा नरहेको उहाँले स्पष्ट पार्नुभयो ।

सभामुख पाठकले प्रदेश सभालाई पादर्शी बनाउन थालनी गरेको बताउँदै प्रदेश सरकारले प्रदेश सभा सम्पूर्ण जिल्लाका डिजिटल बोर्डमा प्रत्यक्ष प्रशारण गर्न अध्ययन भइरहेको बताउनुभयो । सरकारलाई खबरदार गर्ने संसद र संसदलाई खबरदार गर्ने काम पत्रकारको हुने भएकाले पत्रकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सभामा संसदको आधारमा चल्न पर्नेमा सरकारको हित अनुसार चलेकोमा केही अप्ठ्यारा आउने बताउँदै सभामुखलाई संसदको जिम्मा दिनुपर्ने उहाँको भनाई छ । सरकारमा सभामुखले प्रतिपक्षको रक्षा गर्नुपर्ने उहाँको भनाई छ । कार्यव्यवस्था समितिको बैठक बसी चाँडै विषयगत समितिको टुङ्गो लगाउने पक्षमा रहेको बताउनुभयो ।

# बागमतीमा एमालेका थपलियाले लिए मन्त्रीको शपथ



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशमा नेकपा एमालेका संसदीय दलका नेता जगन्नाथ थपलियाले मन्त्रीको शपथ लिनुभएको छ। शनिबार साँझ नेता थपलियाले प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको हो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले नेता थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिनुभएको छ । यो सँगै नेता थपलिया मुख्यमन्त्री जम्कट्टेलको नेतृत्वको सरकारमा दोस्रो पटक प्रदेश सरकारमा सहभागी हुनुभएको हो । नेता थपलिया गत २०७९ पुस २६ मा पहिलो पटक प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री नियुक्त हुनुभएको थियो ।

सत्ता समीकरण परिवर्तन भएपछि एमाले ३ महिना नपुग्दै सरकारबाट बाहिरिएको थियो । सत्ता समीकरण परिवर्तनसँगै मुख्यमन्त्री जम्कट्टेलले दोस्रो पटक सरकार विस्तार गर्नुभएको छ । मुख्यमन्त्री जम्कट्टेलले बिहीबार हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यलाई संस्कृति, पर्यटन तथा सहकारीमन्त्री नियुक्त गर्नुभएको थियो ।

सत्ता समीकरण परिवर्तनसँगै नेपाली कांग्रेस दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री जम्कट्टेलले सोमबार विश्वासको मत लिने तयारीमा हुनुहुन्छ। प्रदेशमा अझै ४ वटा मन्त्रालयमा मन्त्री नियुक्त गर्न बाँकी रहेको छ । नेपाली कांग्रेसले छाडेको ६ वटा मन्त्रालयमध्ये एउटा हाम्रो नेपाली पार्टीका बज्राचार्यले पाइसक्नुभएको छ । १२ सदस्यीय मन्त्रिपरिषद्मा माओवादी केन्द्रले मुख्यमन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र सामाजिक विकास गरी ४ वटा मन्त्रालय सम्हालिरहेको छ । नेकपा (एकीकृत समाजवादी)ले श्रम, रोजगार तथा यातायात मन्त्रालय र कृषि तथा पशुपछी विकास मन्त्रालय लिएको छ । बाँकी ४, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय र स्वास्थ्य मन्त्रालय मुख्यमन्त्री जम्कट्टेल आफैंले राख्नुभएको छ ।

**हार्दिक बधाई**



यस एम. एम. पोलिमर्स प्रालिका महाप्रबन्धक श्री **विजय कुमार वैद्य** नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको सभापति पदमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**एम.एम. पोलिमर्स प्रालि परिवार**

हेटौंडा औद्योगिक क्षेत्र, मकवानपुर

## सम्पादकीय

# निर्माण उद्योगमैत्री कानुन

मुलुकको सार्वजनिक निर्माणको क्षेत्रमा सन्तोषजनक अवस्था छैन । निर्माण व्यवसायी र विभिन्न सरकारी निकायसम्बद्ध विविध समस्याले विकास निर्माणका कार्यहरु प्रभावित हुने गरेका छन् । सरकारको नीति तथा कानुनी व्यवस्था र निर्माण व्यवसायीको कमजोरीका कारण विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती हुने गरेको छ । सडक, पुल, विद्युत, विमानस्थल, भवन, खानेपानी, सिंचाईलगायत सबै क्षेत्रका विकास निर्माणका अधिकांश आयोजना निर्धारित समयमा सम्पन्न हुन सकिरहेका छैनन् । निर्माण भएका कतिपय आयोजना गुणस्तरीयसमेत छैनन् । सरकारले विभिन्न भौतिक संरचना निर्माणका लागि सार्वजनिक बोलपत्र आह्वान गरेर निर्माण व्यवसायीलाई जिम्मा दिने गर्दछ । बोलपत्र पेश गरेका निर्माण व्यवसायीमध्ये आर्थिक एवम् प्राविधिक मूल्यांकनबाट उपयुक्त देखिएको निर्माण व्यवसायीसँग सरकारले सम्झौता गर्दछ । निश्चित समयावधि तोकेर सरकारसँग निर्माण कार्यको जिम्मा लिएका अधिकांश निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न गर्न सक्दैनन् ।

सरकारी लगानी रहने अधिकांश विकास निर्माणका आयोजनामा देखिएका अनेकौं समस्या समाधानका लागि सरकारले ठोस कदम चाल्न सकेको छैन । आफ्नो तर्फबाट सरकारले गर्नुपर्ने नीतिगत तथा कानुनी सुधारको काम भएको छैन भने सम्झौताबमोजिम काम नगर्ने निर्माण व्यवसायीलाई कानुनी कारबाहीसमेत गर्न सकेको छैन । सार्वजनिक खरिद ऐनमा भएका कतिपय प्रावधानले सार्वजनिक निर्माण क्षेत्रमा समस्या भइरहेको निर्माण व्यवसायीको भनाइ छ । पछिल्लो समय निर्माण व्यवसायीले गरेको काममा सरकारले समयमै भुक्तानी दिन नसक्दा अर्को समस्या थपिएको छ । नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निर्माण उद्योगमैत्री कानुन बनाउने बताएका छन् । शुक्रबार हेटौंडामा सुरु भएको साधारणसभामा प्रधानमन्त्री प्रचण्डले निर्माण उद्योगमैत्री कानुन सरकारको उच्च प्राथमिकतामा रहेको बताएका हुन् । निर्माण व्यवसायीको अनुकूल हुने गरी ऐन संशोधनको चरणमा सरकार रहेको भन्दै उनले निर्माण व्यवसायीले पाउनुपर्ने रकम चाँडै भुक्तानी गरिने प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्री दाहालले काम सकेर भुक्तानी नदिनु "बेइमानी" भएको स्वीकार गरेका छन् ।

साधारणसभाको उद्घाटन सत्रका वक्ताहरुले निर्माण व्यवसायीको समस्या समाधानमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका छन् । सरकारले टेण्डर निकालेर निर्माण व्यवसायीसँग सम्झौता गरेका आयोजनामा धेरै अवरोध बाँकी रहने गरेका कारण समयमा काम सम्पन्न गर्न नसकिएको निर्माण व्यवसायीको भनाइ छ । यसले गर्दा आयोजना सम्पन्न गर्न बारम्बार म्याद थप गर्नुपर्ने बाध्यता हुने गरेको छ । सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनपछि म्याद थपको समस्या सदाका लागि अन्त्य महासंघका अध्यक्षको भनाइ छ । राज्यले बजेट सुनिश्चित नभई योजना कार्यान्वयन गर्न खोज्दा निर्माण उद्योग अस्तव्यस्त भएको र निर्माण व्यवसायीले पाउनुपर्ने रकम भुक्तान भएमा अर्थतन्त्रमा देखिएको मन्दीसमेत कम हुने व्यवसायीको धारणा छ ।

देशको विकासका लागि सरकारी र निजी क्षेत्रबीच सहकार्य हुनैपर्छ । निर्माण व्यवसायीले भोग्दै आएका कानुनी र नीतिगत समस्या समाधान गर्दै सरकारले प्रभावकारी नियमनसमेत गर्नु आवश्यक छ । निर्माण उद्योगमैत्री कानुन निर्माण गरेर निर्माण व्यवसायीले भोग्दै आएका समस्या सधैंको लागि अन्त्य गर्न ढिला गर्नु हुँदैन । यति गरेपछि विकास निर्माणका आयोजनामा अनावश्यक विलम्ब गर्ने र गुणस्तरहीन काम गर्ने निर्माण व्यवसायीलाई कानुनी कारबाही गर्न सक्नुपर्छ । कतिपय निर्माण व्यवसायीले राजनीतिक दल र नेतृत्व तथा कर्मचारीलाई प्रभावमा पारेर अनियमितता गर्ने गरेको आरोपसमेत लाग्ने गरेको छ । निर्माण व्यवसायीले पनि आफूले जिम्मा लिएको काम गुणस्तरीयरुपमा समयमै पूरा गरेर आफूहरुमाथि लाग्दै आएको आरोपबाट पनि मुक्त हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मीय मित्रसँग विशेष रमाइने समय छ ।
**वृष** : प्रशासनिक काममा सफलता प्राप्त हुने छ ।
**मिथुन** : ज्ञान र चिन्तन बढ्ने उपयोगि समय छ ।
**कर्कट** : चिन्ता वृद्धि हुने समय योग रहेको छ ।
**सिंह** : नयाँ योजनाहरु प्रारम्भ गरिने समय छ ।
**कन्या** : हाँके–ताकेका काममा सफलता प्राप्त हुनेछ ।
**तुला** : राम्रो नतिजा हात पार्ने समय योग देखिन्छ ।
**वृश्चिक** : परिबन्ध र बाध्यताका काममा समय बित्ला ।
**धनु** : ज्ञानबर्द्धक र बौद्धिक क्षेत्रका काममा सरिक भइने छ ।
**मकर** : लक्ष्य, रणनीति कार्यान्वयन हुने समय छ ।
**कुम्भ** : भविष्य बनाइने समय योग रहेको देखिन्छ ।
**मीन** : जोखिम र संकटबाट बच्ने समय योग छ ।

# लोकतन्त्र नैतिक शक्तिमा आश्रित हुन्छ न कि पाशाविक बलमा



✍ **बिशभ अधिकारी**

लोकतन्त्र विधिको शासन मात्र होईन यो नैतिक धरातलमा खडा भएको सुन्दरतम व्यवस्था हो । नैतिक मूल्य, मान्यतामा आधारित लोकतन्त्र अझ बढि जनउत्तरदायि रहन्छ । सबै विषय संवैधानिक व्यवस्था वा लोकतन्त्रले पूर्णता दिन असमर्थ हुन्छ त्यतिबेला कतिपय परम्परा नजिर अन्य उदाहरणले ति मुद्दाहरुलाई सम्बोधन गर्न सकिन्छ । राजनीतिमा नैतिक बल ठूलो शक्तिकोरुपमा रहन्छ अझ लोकतन्त्रमा नैतिकता झिकिदिने हो भने त्यो अराजक हुन्छ ।

नेपाल देशमा जस्तोसुकै ठूलो आरोप लागे पनि तिनले कानुनतः पुष्टि नहुन्जेल कुनै पदबाट राजिनामा गर्नुपर्ने चलन छैन । तात्कालिन एक आरोपित मन्त्रि नै झण्डा हल्लाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिन गएको दृश्य लज्जास्पद देखिएको थियो । बैदैशिक रोजगारजानेक्रममा हुलहुज्जत हुँदा प्रहरीको गोली प्रहारबाट दुई युवाको मृत्यु हुन्छ, मन्त्रीको गाडि घटनास्थलमा देखिँदा बढेको तनावले परिस्थिति नियन्त्रण बाहिर पुग्छ । त्यहाँ मन्त्रीको गाडि पनि तोडफोड हुन्छ दुई युवाको ज्यान लिईन्छ । यो घटनालाई लिएर बनेको आयोगले तात्कालिन मन्त्रि प्रकाश ज्वालालाई दोषी ठहर गर्छ । तर मन्त्रीले नैतिकताको आधारमा राजिनामा गर्दैनन् । संसदमा समेत राजिनामाको कुराउँठदा पनि मन्त्री टसकामस हल्लिदैन ।

अहिले सरकार परिवर्तन भयो । कांग्रेसले गृहमन्त्रीको राजीनामा मागिरहेको छ । सहकारी ठगिमा गृहमन्त्री दोषी छ भन्ने कांग्रेसी आरोप छ । के रविले कांगेसको प्रधानमन्त्री बन्ने अफर स्विकार गरेको भए यिनलाई बचाउन कांग्रेस लाग्थ्यो ? जसरी अहिले प्रचण्ड रविलाई बचाउनका लागि मरिहत्ते गरिराखेका छन् । आफु अनुकूल र प्रतिकूलमा बनाईने दृष्टिकोणले सहज अनुमान लगाउन सकिन्छ कि हामीकहाँ नैतिकताको ठूलो खडेरी छ भनेर ।

हामीकहाँ हिजोसम्म सत्रु भनिएकाहरु भोलिपल्ट मित्रमा परिणत हुन्छ । कुनै कमरेडको नाम लिँदा पनि मूख कुल्ला गर्नुपर्छ भन्ने अर्को कमरेड पद र शक्ति प्राप्त हुने भएपछि त्यहि व्यक्तिलाई अङ्गालो मार्न उसैको निवास पुग्छन् । पद र शक्तिका लागि जोसँग पनि मिल्ने प्रवृत्तिले विचार रसिद्धान्त भन्ने चिज गौण हुन थाल्यो । बेलायतका मन्त्री माईकल बेट्सले सांसदहरुले उठाएका प्रश्नको जवाफ दिन संसद भवनमा एक मिनेट ढिलो पुग्दा नैतिकताका आधारमा राजिनामा दिएका उदाहरण ताजै छ । केशर बहादुर बिष्टले दशरथ रंगशालामा आँधि हुरीले भागाभाग भई ज्यान जाँदा मन्त्री पदबाट नैतिकताको आधारमा राजिनामा दिएको घटना आज पर्यन्त चर्चा गरिन्छ । तर आजका आरोपित मन्त्रीहरु शानका साथ झण्डा हल्लाएर हिँड्छन् । आरोपलाई प्रमाणित गर भन्दैनन् लत्याएर हिँड्छन् ।

त्यति मात्र होईन हामीकहाँ स्वार्थ बाझिएका मन्त्रालयमा स्वार्थको द्वन्द्व हुने गरी मन्त्री नियुक्त हुन्छन् । ठेकदार सहरी विकासमन्त्री हुने, सहकारी ठगीको आरोपित गृहमन्त्री बनाइने हेर्दै अनैतिक देखिने यस्ता कार्यशैली हाम्रै देशमा मात्र देखिन्छ। लोकतन्त्र व्यक्तिको नैतिक बलमा आश्रित हुन्छ उसको पाशविक बलमा होईन, न कि गणितीय संख्यामा । देशमा भएका संवैधानिक अंग वा निकायहरुलाई दलका लाचार छाया बनाइँदा सुशासन माथि नै प्रश्न चिन्ह लाग्दै आएको छ ।

सत्तामा कतिन्जेल बस्ने, बस्दा जनताको पक्षमा प्रभावकारी काम गर्न सक्ने कि नसक्ने, आफुले नसक्दा चटक्क छोडिदिएर नयाँलाई काम गर्न दिने हामीकहाँ त्यो प्रचलन र प्रवृत्ति नै छैन । पदसँगै आर्यघाट जाने संस्कृतिले राजनीतिलाई प्रदूषित बनायो । अमेरिकी राष्ट्रपति जर्ज बुश, क्लिन्टन, ओबामा, ट्रम्प हुँदै वाईडन राष्ट्रपति छन् तर हामीले जर्ज बुशकै पाला देखेका शेरबहादुर, केपी, प्रचण्डहरु कहिल्यै फेरिँदैनन् । यस्तो किन हुन्छ ? यसमा दोष जनताको पनि छ निर्वाचन प्रणालीको पनि छ हाम्रो गरिबीको छ हाम्रो चेतनास्तरको पनि छ ।

भर्खर अबबल्ल जनता परिवर्तनको पक्षमा बिस्तारैदेखि नथालेका छन् । आफ्नो प्रस्ताव र कार्ययोजना लागु हुन नसक्दा आफु पछाडि हटिदिने प्रचलन संसारमै छ । भर्खर बेलायती प्रधानमन्त्री लिज ट्रस आर्थिक सुधारको नारासहित प्रम भए । आर्थिक सुधार हुने संकेत नदेखेपछि ४४ दिनमै राजिनामा दिएर बेलायती ईतिहासकै सबैभन्दा छोटो समयका लागि प्रम भए । हामीकहाँ शेरबहादुर ५ पटक प्रम भए । जनताले अनुभूति गर्ने वा देखिने केहि काम गरेनन् । अब फेरि छैठौं पटक प्रधानमन्त्री हुने दाउमा छन् । ज्योतिषले देउवालाई सात पटक प्रधानमन्त्री हुने भविष्यवाणी गरेका छन् रे ! यिनि १० पटक भए पनि हुनेवाला नयाँ केहि होईन । प्रचण्ड, केपि यि पनि पटक-पटक प्रम भए तर देश जहाँको त्यहिँ छ । देशको माया भएको भए यिनले नैतिकरुपमा छाडिदिनु पर्थ्यो । पदीय आशक्तिले यिजले अहिले पनि राजनीतिलाई जमेको फोहर पोखरी जस्तै बनाइराखेका छन् । दोश्रो पुस्ताका भन्ने नेताहरु यिनकै चाकडि र आफ्नो पद सुरक्षित बनाउन "बा" संस्कृतिलाई संरक्षण गरिराखेका छन् । अहिले देखिएका ठूला पार्टीको नेतृत्वबाट नयाँ पुस्ताको उदय हुने सम्भावना क्षीण छ ।

बरु नयाँ पार्टीबाट नयाँ नेतृत्व राष्ट्रिय राजनीतिमा देखा पर्दैछ । नयाँ पुस्ताको चाहना पुराना दल र नेताप्रति कम हुँदै गएको पछिल्लो राजननीतिक घटनाक्रमले देखाइरहेको छ । राजनीतिलाई मूल्यमा आधारित बनाउनु पर्दछ । अनैतिकहरुको भिड स्थायी हुँदैन । राजनीतिमा राम्रा मानिस आउनै पर्छ । एउटा भनाई छ, "राजनीतिमा राम्रा र असल मानिस नआउने हो भने स्वाभाविकरुपमा खराब मानिस आउँछन् तिनै खराब मानिसले चलाएको शासन भित्र असल मानिस पनि बस्नु पर्छ । तसर्थ ईमान्दार, असल, निष्ठा भएका व्यक्ति राजनीतिमा आवश्यक देखिएको छ । तर दुर्भाग्य नै भन्नुपर्छ हामीकहाँ ईमान्दार र असल मानिस राजनीतिमा टिक्नस क्दैनन् ।

राजनीतिको परिभाषा जन-सेवाबाट पैसा कमाउने व्यापार बन्दैछ । जबकि यो वस्तुतः निस्वार्थ सेवा भावना हो । बिडम्वना नै मान्नुपर्छ सत्ता/स्वार्थ मात्र केन्द्र भागमा देखिनु नेपाली राजनीतिको उदेकलाग्दो चित्र हो, अनैतिक मूल्य जहाँ विचार मर्छ, सिद्धान्तले आत्मदाह गर्छ, नैतिकता निरिह भएर टोलाउँछ, जहाँ मूल्य र मान्यता माथि सत्ताको घोडा दौडाईन्छ । तब कहाँ जान हिँडेको कहाँ पुगिन्छ, मूल्यहिनताको पराकाष्ठा प्रदूषित राजनीतिले आम मानिसमा घृणा उत्पन्न गराउनु मुलुकको हितमा किमार्थ देखिँदैन । त्यसैले बेलैमा घैंटौमा घाम लागोस् । अस्तू ।

# जादुगर हुदिनी र प्रम प्रचण्ड



✍ **गुरु घिमिरे**

विश्वविख्यात हास्य कलाकार चार्ली च्याप्लिन अक्सर भन्ने गर्थें, 'मलाई झरी असाध्यै मन पर्छ, किनभने झरीमा मेरा आँसु कसैले देख्दैन ।' हरेक व्यक्तिका लागि यो साँच्चै पीडादायी अवस्था हो। त्यसो त उनका यस्ता भनाइहरू अनगिन्ती छन् तर यो भनाइ साँच्चै मर्मस्पर्शी छ । हामी सबैको जीवनमा थोरबहुत मेल खान्छ ।

उसो त नेपाली जनताले यस्तो कुरा आजसम्म मुखले त भनेका छैनन् तर चार्लीको भनाइ सापटी लिंदा जनताको मनको वास्तविक कुरा यही हो भन्दा फरक पर्दैन । अहिले नेपाली जनताको हालत यस्तै छ । कारण, जनताको मन रोएको नदेख्ने सरकार जतिवटा बने पनि र जति पटक बदलिए पनि त्यसको कुनै अर्थ छैन। सरकार फेरिंदा जनतामा कुनै हर्ष र उत्साह छैन, न हिजो थियो, न आज छ । त्यसैले अहिलेको सरकार अदलीबदलीसँग जनताको खासै साइनो वा सरोकार छैन ।

सरकार आउने-जाने मात्र भएपछि जनतालाई 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' हुन्छ नै र काठमाडौंका बासिन्दालाई जनकपुर-जयनगर चल्ने रेलको दैनिकी जस्तै हो सरकार परिवर्तन, आउँछ जान्छ । समयक्रममा राम्रा नतिजा देखिएछन् भने विश्वास गरौंला, स्याबासी दिउँला । अहिलेलाई नयाँ गठबन्धनबाट बनेको सरकारलाई केवल शुभकामना मात्रै छ । सरकारको मधुमास सिद्धिएपछि खास टिप्पणी र समीक्षा गरौंला । आजको बहस यसैमा हो तर फरक प्रसंगका साथ ।

हम्मेसी जुन कुनै पात्रको चरित्रले हामीलाई छुँदै छुँदैन । जसको चरित्रले छुन्छ, ती कमै वा अपवाद हुन्छन् । यो रङ्गमञ्चको या सिनेमाको विषय मात्र होइन । समाजका अधिकांश क्षेत्र यस अन्तर्गत पर्दछन् । नायक र खलनायक हरेक क्षेत्रमा हुन्छन् नै ।

साहित्य, संगीत, कला, व्यापार, वाणिज्य, समाजसेवा वा राजनीति नै किन नहोस् । यसमा हामी सबै जानकार नै छौं । संसारभरि यस्तो प्रभाव र अनुभव हुने गरेको छ । तर यो सबैका लागि एकसमान भने हुँदैन । आ-आफ्नो रुचि र इच्छा अनुसार हाम्रा लागि छुने चरित्र फरक-फरक हुनसक्छन् । यसमा पनि फरक-फरक श्रेणी छ । सकारात्मक र नकारात्मक दुवै ।

सकारात्मक चरित्र त समाजको आदर्श वा गहना नै भैहाल्यो, कहिलेकाहीँ नकारात्मक चरित्र पनि छाप बनेर बस्न आइपुग्छ । हाम्रो सन्दर्भमा चर्चा गर्न लागिएका पात्र कस्ता हुन् नेपाली समाजले नै स्वयं निर्क्योल गरोस्, हाललाई यसमा हामी प्रवेश नगरौं । तर विश्वका एक जादुगर, भ्रमवादी (इलुजनिस्ट) वा भाग्ने कलाकार (इस्केप आर्टिस्ट) ह्यारी हुदिनीसँग सामान्य तुलना गरेर केहीबेर मनोरञ्जन भने गर्न सक्छौं ।

कला जगत त ठिक छ तर बाहिर पनि अर्थात् वास्तविक जीवनमा पनि यस्ता पात्र फेला परे भने चाहिं सम्बन्धित क्षेत्रको कुन दशा होला ? वा मानव विकासक्रमले कति मूल्य चुकाउनुपर्ला ? नागरिक समाजको अवस्था के होला ? जेहोस् अब थोरै समय जादुगर हुदिनीतर्फ लागौं ।

हंगेरियन-अमेरिकी जादुगर हुन् ह्यारी हुदिनी । हंगेरीका बासिन्दा यहुदी पण्डितका छोरा हुदिनीको जादुगरी विश्व विख्यात छ । उनी जम्मा ५२ वर्ष बाँचे । गरिबीका कारण हंगेरीबाट अमेरिका बसाइँ सरेको उनको परिवारका लागि सुरुवाती दिन निकै संघर्षपूर्ण थिए । तेज दिमागका एरिक वेस, जो उनको वास्तविक नाम थियो, जादुगरी दुनियाँतर्फ आकर्षित भए ।

फ्रान्सेली जादुगर 'रोबर्ट हार्डिन' लाई आफ्नो आदर्श बनाएका हुदिनीले लण्डनबाट आफ्नो करिष्मा देखाउन सुरु गरे । त्यहाँको जेलमा चमत्कार देखाएपछि उनले अपार चर्चा पाए । तत्पश्चात् जर्मनीमा त्यसै गरेर थप चर्चित बने । जेलमा अनेकौं ताला, हातगोडामा नेल हत्कडी लगाएर थुन्दा पनि आफूलाई मुक्त गर्न सक्ने क्षमता थियो उनमा ।

त्यति मात्र होइन, उनले जेलका अरु बन्दीलाई राखेको साविक स्थानबाट अन्तै सारिदिए । बाकसमा बन्द गरेर समुद्रमा फाल्दा होस् वा खाल्डो खनेर पुर्दा समेत सकुशल बाहिर निस्कन सक्ने अद्भुत क्षमता थियो हुदिनीमा । जादुको स्टेजबाट हात्ती नै गायव पार्न सक्थे उनी । उनलाई विश्वका अन्य महान् जादुगरहरूले समेत आफ्ना गुरु मान्छन् ।

तर उनै महान् जादुगर इटालीको जेलमा नराम्ररी असफल भए । कारण उनलाई त्यहाँको जेलमा राखियो र बलिया ताला लगाएर राखिएको छ भनेर भनियो तर ताला लगाइएन । उनको दिमागमा भने तालै ताला थियो । त्यसैले उनले ताला खोज्न र खोल्न अनेक कोसिस गरे ।

घण्टौं कोसिसका बाबजुद ताला भेट्न असफल भएपछि बेहोस भएर ढले । जब उनी ढले, उनको धक्काले ढोका आफैं खुल्यो । उनको 'प्री माइण्डसेट'का कारण प्रारम्भमा जेलको भौतिक यथार्थ बुझ्नतर्फ लागेनन् । अन्ततः न्यूयोर्कमा जादु देखाएको हप्ता दिनमा उनको मृत्यु भयो ।

उनको मृत्युका बारेमा अनेक किस्सा छन् । जेहोस् हुदिनी व्यक्तिगत जीवनमा सफल जादुगर मानिन्छन् ।

नेपाली राजनीतिमा यतिबेला पुष्पकमल दाहालको चर्चा छ । चर्चा यसकारण छ कि उनलाई नेपालको पछिल्लो संसदीय राजनीतिका चतुर खेलाडी मान्न थालिएको छ । एक त हिंसात्मकबाट शान्तिपूर्ण राजनीतिमा पदार्पण गरेका उनी र उनको पार्टी निरन्तर खिइँदै गएको छ । तर व्यक्तिगत रूपमा भने उनी मोटाउँदै गएका छन् र चर्चाको केन्द्रमा समेत छन् ।

त्यति मात्रै होइन नेपाली राजनीतिको मुख्य भूमिकामा छन् र पार्टीभित्र झण्डै चारदशकदेखि एकछत्र राज चलाइरहेका छन् । यसैका कारण नेपालको राजनीतिमा उनलाई जादुगर जस्तो देखिन थालेको छ । पछिल्लो समय अन्य ठूला र मुख्य दलहरूलाई पर्ल्याकपुर्लुक पारेर सत्ता गुट्मुट्याउनु उनको खप्पिस वा खासियत भएको छ । सदन या सडकमा जहाँ पनि आफूलाई नै माथि पारेर बोल्ने दाहालले राजनीतिमा सायद, जे गरे पनि फरक पर्दैन भन्ने चिन्तन बोक्छन् । दाहाल यस प्रवृत्तिका अब्बल प्रतिनिधि हुन् ।

बाल्यकाल गरिबीको दुष्चक्रमा, तत्पश्चात् बसाइसराइ, जादुको दुनियाँमा प्रवेश, विस्तारै ख्याति र प्रसिद्धि र अन्ततः मृत्यु, हुदिनीको नियति थियो । न्यूयोर्कमा पनि उनलाई चिकित्सकले केही दिन

....बाँकी पृष्ठ ३ मा

# हृदय रोग निवारण प्रतिष्ठानको अध्यक्षमा वैद्य

समाज संवाददाता

हेटौँडाः नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको अध्यक्षमा विजय कुमार वैद्य चयन हुनुभएको छ। शनिबार भएको प्रतिष्ठानको १८ औँ वार्षिक साधारण सभा तथा अधिवेशनले वैद्यको अध्यक्षमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको छ। प्रतिष्ठानको प्रथम उपाध्यक्षमा ध्रुव भुजेल, सचिवमा प्रल्हाद घिमिरे, सहसचिवमा अर्जुन प्रसाद वाग्ले, कोषाध्यक्षमा अनिता न्यौपाने र सहकोषाध्यक्षमा निर्मला अधिकारी चयन भएका छन्।



यस्तै सदस्यमा सानुकाजी पाण्डे, रित बहादुर खाती, प्रतिमा र सीता मोक्तान चयन भएका छन्। कार्यसमितिबाट द्वितीय उपाध्यक्षमा मनोनित हुने सदस्यको केही कारणले उपस्थिति नभएकोले द्वितीय उपाध्यक्षको पद रिक्त रहेको छ। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ। प्रतिष्ठानका निवर्तमान अध्यक्ष हरिवंश भेटुवालको सभाध्यक्षमा तथा बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा साधारण सभा तथा अधिवेशनको उद्घाटन कार्यक्रम भएको हो।

कार्यक्रमको उद्घाटन गनुहुँदै सामाजिक विकास मन्त्री मोक्तानले बागमती प्रदेशको राजधानी हेटौंडा भएपछि हेटौँडा अस्पतालमा सकारात्मक परिवर्तन आएको बताउनुभएको छ। बागमती प्रदेश सरकारले ३ सय सैय्या भएको अस्पताल बनाउने कुरालाई अगाडि बढाउन लागेको उहाँले बताउनुभयो। मुटु रोगका लागि अस्पताल बनाउने कार्यको पहल गरिने उहाँको भनाई छ। मुटुमा असर पर्नाले मानिसहरुको अकालमा मृत्य हुने गरेको बताउनुहुँदै मुटुमा असर गर्न नदिन खानपान, विचार र व्यवहार शुद्ध राख्नुपर्ने उहाँले दावी गर्नुभएको छ। कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठको पनि आतिथ्य रहेको थियो।

नेपाल हृदयरोग निवारण संस्था थाहा नगरपालिकाकी गीता कार्कीले मुटुमा रोग लागेको मानिसहरुसँग पैसा नभएको कारणले ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो। रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष स्वागत राज प्याकुरेलले मनहरी मुटु रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको बताउनुभयो। सन् १९९० मुटु रोग सम्बन्धी उल्लेखनीय तथ्याङ्क रहेको बताउनुहुँदै २९ वर्षको अन्तरालमा मुटुरोगी बढ्दै गएको उहाँले बताउनुभयो।

# रिटर्नी एसोसिएसन (समाजवादी) मा भट्ट

समाज संवाददाता

हेटौँडाः नेपाल रिटर्नी एसोसिएसन समाजवादी मकवानपुरको प्रथम भेलाबाट रामकृष्ण भट्टको अध्यक्षतामा १९ सदस्यीय रिटर्नी एसोसिएसन मकवानपुर गठन गरिएको छ। उपाध्यक्ष महेन्द्रराज खड्का, सचिव अमीर लामा, सहसचिव मणिराम बल, कोषाध्यक्ष किरण राई लगायत रहेका छन्।

नेपाल रिटर्नी एसोसिएसन केन्द्रीय अध्यक्ष प्रवीण पौडेलको प्रमुख आतिथ्य तथा नेकपा (एकीकृत समाजवादी) मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा भेला भएको हो। भेलामा पार्टी पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रिय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज मुनु सिग्देल, सचिवालय सदस्य किशोर बर्तौला, मधु अधिकारी, पार्टी नगर कमिटीका सचिव सफल अधिकारी लगायत पार्टीका नेताहरुको आतिथ्य रहेको थियो। जिल्ला सचिवालय सदस्य तथा रिटर्नी एशोसिएसन मकवानपुर इन्चार्ज दुर्गाप्रसाद दहालको संयोजनमा भेला भएको हो।

# विद्यालयमा वार्षिक परीक्षा सकिँदै गर्दा आदरणीय अभिभावकहरुमा अपील

यतिबेला मकवानपुर जिल्लाका अधिकांश सामुदायिक विद्यालयमा ९ कक्षासम्मको वार्षिक परीक्षा सकिएको छ। निजी विद्यालयमा परीक्षा जारी छ। एसईई पनि जारी छ। चैत तेस्रो सातासम्ममा परीक्षा सकिनेछ। वार्षिक परीक्षापछि केही समय विद्यार्थीहरु फुर्सदमा हुन्छन्। विद्यार्थीको फुर्सद व्यवस्थापन गर्नु आम अभिभावकका लागि चुनौतिको विषय बन्ने गरेको छ। तपाइँ अभिभावकका लागि उपयोगी हुने अपेक्षासहित केही टिप्स यहाँ प्रस्तुत गरिएको छ। आशा छ बाबुनानीको फुर्सदलाई उपलब्धीमा बदल्ने गरी तपाइँ अभिभावकले आफूलाई जिम्मेवार बनाउनु हुनेछ। वार्षिक परीक्षापछिको विदामा पनि बालबालिकाले धेरै कुरा, सिक्न, जान्न र विदालाई उपयोगी बनाउन सक्नेछन्।

१) कम्तीमा आफूले खाना, खाजा खाएका थाल, प्लेट, कचौराहरु उनीहरूलाई सफा लगाउनु होला। लुगा धुन लगाउनु/सिकाउनु होला।
२) करेसा, गमलाका बोट, बिरुवा र फूलहरूमा बिहान-बेलुका पानी हाल्न, गोडमेल गर्न लगाउनु होला।
३) बिहान/बेलुका आफूसँगै आफ्नो खेतबारी/करेसाबारीतिर डुलाउन लैजानु होला। खेतीपाती देखाउनु होला।
४) कुनै दिनमा कुलोको मुहान, नजिकैको पाखो पखेरो, बुट्टयान वा झाडी रूख, बिरूवा अनि त्यहाँ बस्ने चराचुरुङ्गी आदि इत्यादी देखाउनु/ चिनाउनु होला। प्रकृतिसँग साक्षात्कार गराईदिनुहोला।
५) केही दिन आफन्तकोमा भेटघाट र चिनजान गराउन लैजानु होला र सामाजिकीकरण गर्नुहोला।
६) चाडबाड, जात्रा वा पर्वहरुमा लैजानु होला। पर्वको महत्व सम्झाउँदै नव वर्षको दिन एकाबिहानै नजिकको नदिमा स्नान गर्न लैजानु होला।
७) समुदायमा पाइने काफल, बयर, इमिली, यसैगरी जामुन, क्यामुना, खनायो, कालीगेडी, निमपत्ता, बडहर, सिमल लगायतका फलफूल तथा रूखबिरूवाहरु चिनाउनु होला। सम्भव भएका फलफूल खान दिनुहोला। औषधि प्रयोग गरी पकाएका बजारिया स्याउ, सुन्तला, केरातिर बल नगराउनु होला।
८) कम्तीमा दुइचार छाक आटो, पिठो, ढिडो, उसिनेको, पोलेको र भुटेको खानेकुराहरु बनाएर खुवाउनु होला।
९) मोबाइलको प्रयोग तपाइँहरुले पनि कम गर्नुहोला। बाबुनानीलाई मोबाइल प्रयोग गर्न नदिनुहोला। टेलिभिजनमा राम्रा कार्यक्रमहरु हेर्ने वातावरण मिलाउनुहोला। रेडियो सुन्न, पत्रपत्रिका पढ्न प्रेरित गर्नुहोला।
१०) कक्षा, तहअनुसार बालबालिकालाई कथा, निबन्धका पुस्तक पढ्ने वातावरण मिलाउनुहोला। बाबुनानीसँग तपाइँहरुले पनि निबन्ध, कथा, जीवनीका पुस्तक पढ्नुहोला।
११) कुनै घरपालुवा जनावरको स्याहार-सुसार गर्न लगाउनुहोला। घरमै पालेको भएमा विशेष स्याहार सिकाउनु होला। गाई-भैंसी पाल्नु भएको छ भने त्यसको पालन पोषण, दूध दुहुने, डेरी लैजाने तथा त्यसम्बन्धी व्यवसायिक योजना सुनाउनु होला।
१२) आठ, नौं र दश कक्षामा पढ्नेले म फलानो देश जाने हो भन्ने मानसिकता बोकेका भए यहि देशमा केही गर्नु पर्छ भनी सिकाउनु होला। यो भन्दा सुन्दर अर्को स्वर्ग पृथ्वीमा छैन भनीदिनु होला।
१३) महङ्गा चिजबिज नकिनिदिनु होला। दुःख के हो ? परिचय गराई दिनु होला।
१४) एसईई दिएका बाबुनानीलाई भावी शैक्षिक योजनाका बारेमा साथीसंगी, अग्रजसँग उचित परामर्श, सरसल्लाह गर्न सुझाउनुहोला। उच्च शिक्षा अध्ययनसँगै सम्बन्धित विषयमा जान्न, बुझ्न, ती विषयमा समाजमा सहभागी भएर काम गर्ने मनस्थिति बनाउने वातावरण तयार पार्न अभिभावकले आवश्यक सहयोग र सहजीकरण गरिदिनुहोला।

# जादुगर हुदिनी...

आराम गर्ने सल्लाह दिएका थिए तर उनले मानेनन्। जसको परिणाम मृत्यु थियो, किनभने हुदिनी आफूलाई धुरन्धर ठान्थे।

दाहाल पनि आफूलाई निकै धुरन्धर ठान्छन् र चिनियाँ नेता माओत्सेतुङको नेपाली संस्करण मान्छन्। ठिक छ- राजनीतिमा आफूले रुचाएको पात्रलाई गुरु थाप्न वा आदर्श मान्न पाइन्छ तर आफ्नो भूगोल र परिवेश थाहा पाउनुपर्छ, अनुकूल हुनु पनि पर्छ। पछि आएर इटालीको जेलमा हुदिनी अलमलिए जस्तो दाहाल नराम्ररी अलमलिएको प्रतीत हुन्छ। प्रधानमन्त्री भएको व्यक्ति यतिसारो अलमलिनु जायज हुँदैनथ्यो र एउटै 'माइण्ड सेट'ले चल्नु पनि हुँदैनथ्यो। हामीलाई थाहा छ, अरूको सल्लाह कहिल्यै नमान्ने व्यक्तिको जीवन सुखद् र त्यसको परिणाम धेरै गतिलो हुँदैन।

हुदिनी र दाहालको 'ग्रो अप' एकैनास छ, वास्तविक नाम पनि फरक छ दुवैको। एरिक वेस र छविलाल। यो संयोग मात्र हो जस्तो लाग्छ। चञ्चलता, अस्थिरता, महत्वाकांक्षा र मपाईंत्व एकैनास छ। अरुको सल्लाह मान्दै नमान्ने, आफ्नै सुरमा हिंड्ने। अझ दाहालमा त पालो गरी-गरी सबैलाई गाली गर्ने विशिष्ट क्षमता छ। आफ्नो आङको भैंसी नदेख्ने, अरुको आङमा जुम्रा देख्ने खुबी पनि छ। बोलीमा उच्च चेतना र सांस्कृतिक स्तर कायम राख्न नसक्ने प्रवृत्ति देखिन्छ। तीनचोटि प्रधानमन्त्री भएर पनि दाहाल औसत राजनीतिज्ञबाट माथि उठ्न सक्नुभएन, लोकतन्त्रका आधारभूत सिद्धान्तलाई आत्मसात् गर्न सक्नुभएन भन्ने छर्लङ्ग देखिन्छ।

त्यसबेला हुदिनीले पेट कसेपछि जस्तोसुकै मुक्काले पनि असर नगर्ने सर्वत्र प्रचार थियो। न्यूयोर्कको स्टेज शो अगाडि एक युवक आएर त्यस प्रचारको वास्तविकता सोध्यो। उसले सत्य हो भन्ने जवाफ दियो। त्यसपछि हुदिनी तयार नै नभई त्यस युवकले उसको पेटमा धमाधम मुक्का प्रहार गर्न थाल्यो। यसले उसको एपेन्डिक्स फुट्यो। मृत्युका विषयमा अन्य प्रचार जेसुकै भए पनि आखिर यही कारण एकहप्ता पछि नै उसको मृत्यु भयो।

पुनः यो प्रसंग किन ल्याइएको हो भने देशको नेता भइसकेको राजनीतिज्ञले राजनीतिका संभावित जोखिमको राम्रो आकलन गर्न सक्नुपर्छ, दाहालमा त्यो होश र दूरदर्शिता देखिएन। कुरा उहाँले झेल्नुपर्ने जोखिमको मात्र होइन, राष्ट्र र जनताले उठाउनुपर्ने उच्च जोखिम र संकटको हो।

प्रम दाहालले आजसम्म धेरै राजनीतिक मुक्का खाइसकेको दुनियाँलाई थाहा छ। अहिलेको तरिकाले त निकट भविष्यमा राजनीतिक बज्रमुक्का खाने निश्चितै देखिन्छ। जनताको मुक्काले थलिएको बेला भावी संसदीय गठबन्धनको नयाँ मुक्का खाएपछि जाने कहाँ होला ? त्यतिबेला अकाल राजनीतिक मृत्युको बज्रमुक्का खानुपर्ने हुनसक्छ। यसको हेक्का दाहाललाई नभए जस्तो छ। त्यसैले राजकाज चलाउने कुरालाई उहाँले खेलाँची ठानेको र घरीघरी ख्यालठट्टा गरेको देखिन्छ। यो सफल राजनीतिज्ञको लक्षण होइन।

नयाँ सरकारमा सामेल भएका गठबन्धनका पात्रहरु कतिपय पुरानै र कतिपय नयाँ छन्। पुराना पात्र त चिनेकै बिष्ट हुन् तर नयाँ माथि निकै चुनौती र जोखिम छन्। कुरा गरे जस्तो सजिलो काम गर्न हुँदैन। यसका कठिनाइ धेरै छन्। पहिलो कुरा, पुराना दल माथि अनेकौं प्रश्न उठाउँदा आफ्नो नैतिक धरातल बलियो हुनुपर्छ। यस दौरान आफूमाथि उठेका नैतिक प्रश्नको चित्तबुझ्दो जवाफ दिन सक्नुपर्छ।

नैतिकताको दोहोरो मापदण्ड कसैलाई मान्य हुँदैन। सत्तामा पुग्नु राजनीतिका फोहोरलाई पन्छाउने अवसर प्राप्त गर्नु हो। यसको लागि आफ्ना कमि-कमजोरी खुला दिलले स्वीकार्न सक्नुपर्छ। जानी-नजानी भएका गल्तीलाई ढाकछोप गर्नुहुँदैन। तर नेपाली राजनीतिको सनातन रोगको रुपमा एउटा प्रवृत्ति विद्यमान छ। अरुका सामान्य गल्तीलाई पनि पहाड बनाउने र आफ्ना ठूल्ठूला गल्तीलाई पनि ढाकछोप गर्ने।

सचेत नागरिक समाजले यसलाई नजिकबाट नियालिरहेको छ। सत्तामा रहँदा होस् या प्रतिपक्षमा, राज्यमा विद्यमान समस्याहरूलाई हेर्ने दृष्टिकोणमा समानता हुनुपर्छ। हामी सबैले बुझेकै कुरा हो कि विभिन्न विचारधारा र सिद्धान्त बोकेका दलहरू सबै यसै नेपाली समाजका उपज हुन्। यसभित्रको चिन्तन प्रणाली, स्वार्थ र महत्वाकांक्षा एकै हो। केवल ज्ञान, विवेक र राष्ट्रिय कर्तव्यबोधले हरेकले आफूलाई फरक प्रमाणित गर्ने हो। आजसम्म अपवाद बाहेक यस्तो विलक्षण प्रवृत्ति कसैमा पाइएको छैन। सबैमा देखिएको औसत प्रवृत्तिले आजको दुरवस्था निम्त्याएको हो। यस वास्तविकतालाई मनन गर्ने कसले ?

त्यसैले नयाँ दलको गीत गाएर मात्र पुग्दैन, कर्मले प्रमाणित गर्न सक्नुपर्छ। यसको लक्षण कहींकतै देखिएको छैन। तर नयाँ हुनुको एउटा सुविधा छ। जनताले काम हेर्न बाँकी छ। तर अरुको घर भत्काएर आफ्नो घरको अस्तित्व बचाउने पुरातन शैली असान्दर्भिक भइसकेको छ। अब यस रोगबाट राजनीतिक दलहरू मुक्त हुनुपर्छ। नयाँ दलहरु त झन् मुक्त रहनुपर्छ।

जादु विज्ञान होइन, जसलाई प्रमाणित गर्न सकियोस्। यो स्टेजमा प्रस्तुत गरिने कलात्मक गतिविधि मात्र हो। जादुमा देखाए जस्तो वास्तविक जीवन हुँदैन। यसको आयु स्टेज रहँदासम्म मात्र रहन्छ। यो क्षणभरको अद्भुत मनोरञ्जन मात्र हो। त्यसैले प्रचण्डले हुदिनी बन्ने प्रयत्न नगरेकै राम्रो हो। राजनीति मजाक गर्ने क्षेत्र होइन। हुनत नेपाली राजनीतिज्ञहरुले आजसम्म समग्र राजनीतिलाई स्टेजको जादु जस्तो ठट्टा-मजाक ठानेका छन्, जसमा अहिले आएर प्रचण्ड अगाडि देखिनुभएको छ। यो राम्रो लक्षण होइन।

उहाँका लागि न त राजनीतिक, न भौतिक परिस्थिति सोचे जस्तो अनुकूल छ। बरु सोचेभन्दा ज्यादा प्रतिकूल छ। र अब झन् बढ्नेवाला छ। जुन देशको समाज अशान्त र समस्याग्रस्त हुन्छ, त्यहाँका नेता र राजनीतिक दलले क्षणिक फाइदा त उठाउँछन् तर टिक्दैनन्। प्रचण्डको नियति पनि त्यही हो। वर्तमान नवनिर्मित गठबन्धन असफल हँदा प्रचण्ड बाहेक कोही पनि असफल हुँदैन। ज्यान जाँदा हुदिनीको मात्र गयो, जादुगर टोलीको गएन। नयाँ गठबन्धन भत्किंदा डुब्ने प्रचण्ड मात्र हो, अरु कोही होइन। त्यसैले नेपाली राजनीतिमा स्थापित हुँदै गएको राजनीतिमा जे गरे पनि हुन्छ भन्ने मान्यतालाई अन्त्य गर्नु आजको राष्ट्रिय आवश्यकता हो। *(स्रोतः अनलाईनखबर)*

# राप्रपाको वडामा गुरुङ

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को हेटौँडा उपमहानगरपालिका ८ नम्बर वडा भेला भएको छ। शनिबार भएको भेलाले सुबास गुरुङको अध्यक्षतामा वडा समिति गठन गरेको छ। वडा समितिको उपाध्यक्षमा किशोर खत्री, सचिवमा दिनेश बखेल चयन भएका छन्। वडा भेलाबाट भातृ संगठन राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन र महिला संगठनको वडा समिति पनि गठन गरिएको छ। बिक्रम थापा मगरको अध्यक्षतामा युवा संगठन र पार्वती पुडासैनीको अध्यक्षतामा महिला संगठन निर्माण गरिएको नवनिर्वाचित सचिव किशोर खत्रीले जानकारी दिनुभयो।

प्रतिनिधि सभा सदस्य दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा भएको वडा भेलामा राप्रपाका केन्द्रीय सदस्य रामहरी न्यौपाने र राम बहादुर थोकरको पनि आतिथ्य रहेको थियो। कार्यक्रममा जनजाति विभागका केन्द्रिय सदस्य शुक्रराज प्रजा, बागमति प्रदेश कमिटी सदस्य नवराज थपलिया, मकवानपुर जिल्ला कार्यवाहक अध्यक्ष सागर थापा, नगर अध्यक्ष अरुण लामा, महिला संगठनकी केन्द्रीय सचिव सरस्वती थिङ, युवा संगठनका केन्द्रिय सदस्य अनिल अर्याल, जिल्ला अध्यक्ष विकास भोम्जनको आतिथ्य रहेको थियो।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

हार्दिक समवेदना



जन्मः २०७०/१०/०७
स्वर्गारोहणः २०८०/१२/१२

**स्व. निसान बानियाँ**

सृष्टिको प्रारम्भदेखि नै जन्म-मरणको प्रक्रिया चल्दै आएको छ। मिलनले सधैं हर्ष छाउने र बिछोडले पीडा, वेदना थपिने भए तापनि नियतिलाई भोग्नै पर्ने रहेछ।

यस विद्यालयमा कक्षा-५ मा अध्ययनरत विद्यार्थी **निसान बानियाँ**को सडक दुर्घटनामा परी निधन भएको खबरले मर्माहत हुँदै विद्यालय परिवार गहिरो दुख व्यक्त गर्दछ। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी प्रार्थना गर्दछौं।

**महेन्द्र माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार**
**बकैया-४, छतिवन, मकवानपुर**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# जनताको अवस्था सोचेअनुरुप परिवर्तन भएनः मन्त्री बस्नेत

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाईमन्त्री शक्तिबहादुर बस्नेतले अहिले देशमा ठूलो परिवर्तन भएपनि जनताको अवस्था भने अझै सोचेअनुरुप नभएको बताउनुभएको छ। शनिबार बागमती गाउँपालिकामा आयोजना भएको माझी राष्ट्रिय मुक्ति मोर्चा नेपालको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुँदै नेकपा माओवादी केन्द्रका उपमहासचिवसमेत रहनुभएका बस्नेतले यस्तो बताउनुभएको हो।

देशमा गणतन्त्र आएर विभिन्न हक अधिकार पाए पनि अझै केही जातजातिहरुले आफ्नो अधिकार प्राप्त गर्न नपाइरहेको उहाँले बताउनुभयो। सशक्त जनसंगठन मोर्चा बनाएर अघि बढेको कारण देशको संविधान बनाउन सफल भएको र विभिन्न अधिकार पाउन थालेको उहाँको भनाइ छ।

मन्त्री बस्नेतले यो व्यवस्था हटाउन केही शक्ति लागिरहेको आरोप लगाउनुभयो। उहाँले अहिलेको संविधानको रक्षा र कार्यान्वयन गर्न आवश्यक भएको बताउनुभयो। यसका लागि सबै जाति, वर्ग, संगठनहरु फेरि संगठित हुनुपर्ने र संविधानमा उल्लेख गरेको अधिकार प्राप्तिका लागि लड्नुपर्ने बताउनुभयो।

उहाँले अहिले सरकारले जनताको आर्थिक र सामाजिक जीवनमा परिवर्तन आउने काम गर्नुपर्ने आवश्यकता रहेको पनि बताउनुभयो। राज्यले गाँस, बास र कपासको ग्यारेन्टी गर्न सक्नुपर्ने भन्दै उहाँले समाजवादउन्मुख विकास गर्नुपर्ने बताउनुभयो। देशमा आर्थिक समृद्धि र सुशासन कायम गर्न पार्टीले सरकारको नेतृत्व गरेको गरिरहेको उहाँको भनाइ छ।

अहिलेको यो व्यवस्था माओवादीले डिजाइन गरेको दाबी गर्नुहुँदै उहाँले यो व्यवस्थाको रक्षा माओवादी केन्द्रले मात्रै गर्नसक्ने बताउनुभयो। उहाँले सरकार अहिले आगामी आर्थिक वर्षको नीति बनाउन तयारी गरिरहेको बताउनुहुँदै माझी समुदायलाई उत्थान गर्ने गरी नीति तथा कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पार्टीकी केन्द्रीय सदस्य एवम् पूर्वसभामुख ओनसरी घर्ती मगरले माझी समुदायको उत्थानका निम्ति पार्टीले जातीय मोर्चा गठन गरेको बताउनुभयो। उहाँले संगठनले माझी समुदायको भाषा र संस्कृतिको जगेर्ना गर्दै अधिकारलाई स्थापित गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले सबै उत्पीडित जातिहरुको अधिकार सुनिश्चितताका लागि पार्टीले अगुवाइ गरिरहेको पनि बताउनुभयो। उहाँले संविधानमा नलेखिएको एजेण्डाहरु थप गर्न सबै लाग्नुपर्ने बताउनुभयो।

पूर्वमन्त्री सुदन किरातीले माझी समुदायको पहिचानलाई जोगाउन आवश्यक रहेको बताउनुभयो। उहाँले माझी समुदायको पहिचान झल्किने संस्कृति जगेर्ना गर्नुपर्नेमा जोड दिनुभयो। सामूहिक रुपमा घर बनाएर मिलेर बस्ने परम्पराको रक्षा गरी विकासको नीतिहरुमा मान्यताको आधारमा समाजवाद खडा गर्नुपर्ने उहाँले बताउनुभयो।

पार्टीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेश सरकार आफ्नो कर्तव्य र अधिकारमा रहेर कामहरु अगाडि बढाइरहेको बताउनुभयो। अहिले बागमती प्रदेशले प्रदेशभित्रको जातजाति, धर्म, संस्कृतिको जगेर्ना गर्न माझी, चेपाङलगायत जातिहरुको पर्वमा पनि सार्वजनिक विदा दिनुपर्छ भन्नेमा सकारात्मक भएर अगाडि बढिरहेको उहाँले बताउनुभयो।

प्रदेश सरकारले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर तामाङ र नेवार जातिको भाषालाई कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्नसक्ने विधयेक ल्याएको भन्दै उहाँले त्यो विधयेकभित्र अरु जातिहरुको पनि भाषालाई प्रयोग गर्नसक्ने कानुन बनाउन सकिने बताउनुभयो। उहाँले यसका लागि कानुनीरुपमा अगाडि बढ्सक्ने भएकाले स्थानीय तहले पनि निर्णय गरेर विभिन्न भाषाहरुलाई सरकारी कामकाजको भाषा बनाउन सकिने बताउनुभयो। त्यसका लागि आफ्नो भाषा, संस्कृति र लिपी चाहिने हुँदा सबै जातिहरुले त्यसको जगेर्ना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मोर्चाका केन्द्रीय अध्यक्ष तुलाबहादुर माझीको सभाध्यक्षतामा भएको सम्मेलनमा पार्टीकी केन्द्रीय सदस्य उर्मिला राई, पार्टी बागमती प्रदेश उपाध्यक्ष एवम् प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, पार्टी मकवानपुर इन्चार्ज विजय गौतम र पार्टीको जिल्ला समन्वय समिति संयोजक एवम् बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानलगायतको उपस्थिति रहेको थियो। सम्मेलन आइतबारसम्म चल्नेछ। सम्मेलनबाट नयाँ नेतृत्व चयन हुने जनाइएको छ।

# जुडो संघको प्रदेश अध्यक्षमा उप्रेती

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश जुडो संघको अध्यक्षमा मकवानपुरका मदन उप्रेती सर्वसम्मत चयन हुनुभएको छ। शनिबार हेटौँडामा भएको प्रथम वार्षिक साधारण सभा तथा अधिवेशनले उप्रेतीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो। संघको उपाध्यक्षमा नुवाकोटबाट राधिका देवी पौडेल र रामेछापबाट लाल बहादुर थापा मगर, सचिवमा काठमाडौँबाट राजिव प्रधान र कोषाध्यक्षमा काभ्रेबाट दीवा कास्यत चयन हुनुभएको छ।

यस्तै सदस्यमा धादिङबाट स्वागत सिलवाल, ललितपुरबाट पुजा रेग्मी महत, काभ्रेबाट सौरवराज कास्यत, भक्तपुरबाट राजाराम वासी, रसुवाबाट राजाराम डंगोल र काठमाडौँबाट आकृति जोशी चयन भएका छन्। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ। मकवानपुर जिल्ला जुडो संघका अध्यक्ष सविन मोक्तानको सभाध्यक्षता तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यमा साधारण सभाको उद्घाटन भएको हो। कार्यक्रमलाई सम्बोधन गनुहुँदै सदस्य-सचिव भण्डारीले नेपालमा जुडो खेलको विकास गर्नका लागि प्रशिक्षकको नियुक्त गरेको बताउनुभएको छ।

बागमती प्रदेशलाई जुडो खेलमा उत्कृष्ट बनाउनका लागि खेल सामग्री सहयोग र हल निर्माणको कार्यलाई अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो। खेलाडीहरुलाई मध्यनजर गरेर खेलको विकास लागि सहयोग गर्ने उहाँको भनाइ छ। संघको नवनिर्वाचित अध्यक्ष उप्रेतीले अध्यक्ष पदमा नियुक्त भएसँगै १३ वटा जिल्लाको जुडो खेलाडीहरुलाई समेटेर प्रदेशकै उत्कृष्ट बनाउन कार्यमा लाग्ने उहाँले बताउनुभयो। प्रदेश सरकारसँग सहयोगका लागि हातेमाले गर्ने बताउनुभयो। खेलाडीहरुको मुल्याङ्कन गरेरे मात्र मौका दिने गरेकोमा चिन्ता व्यक्त गर्नुहुँदै अब खेलाडीहरुलाई विभिन्न प्रकारको प्रतियोगिताहरुमा सहभागी गराउने उहाँको भनाई छ। खेलको विकास गर्न प्रदेश सरकारको माध्यमबाट खेलकुद विकास परिषदका सदस्यसचिव सूर्यलाल भण्डारीले धेरै पहल गरिरहेको बताउनुभयो। सदस्य-सचिव भण्डारीले गरेको कामहरुको मध्यनजर गरेर जुडो खेलका लागि पनि सहयोगको अपेक्षा गरेको उहाँको भनाइ छ।

# एकैदिन ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा एकैदिन ६ जनाको मृत्यु भएको छ। नुवाकोट, चितवन, रामेछाप र सिन्धुलीमा एकै दिन ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। नुवाकोट जिल्लाको बिदुर नगरपालिका-७, तुप्चेमा एकजना वृद्ध मृत फेला परेका छन्। मृत फेला पर्नेमा ७५ वर्षीय तिलक प्रसाद नेपाल रहेको प्रहरीले जानकारी दिएको छ।

नेपाल शुक्रबार बिहान ९ बजेको समयमा घरबाट निस्केकोमा शुक्रबार दिउँसो ३ बजेको समयमा तुप्चे त्रिशुली हाईड्रोपावरको ड्याम साईडको पानीमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली नुवाकोट लगिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१९, ईमानसिंहचोकमा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ३६ वर्षीय संयोक गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार बिहान ११ बजेर ४५ मिनेटको समयमा गुरुङ आफ्नै घरमा कोठामा सुतेको स्थानमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२, पोखरा बसपार्कमा रहेको होटलको कोठामा एक जना पुरुष मृत अवस्थामा फेला परेका छन्। मृत फेला पर्नेमा भक्तपुर जिल्ला भक्तपुर-६, बस्ने ४० वर्षीय राजेन्द्र थाँ श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। श्रेष्ठ बिहीबार होटलमा आई कोठामा सुतेको र सरसफाई गर्न जाने व्यक्तिले बोलाउँदा नबोलेको कारण कोठा खोली हेर्दा सुतेको ठाउँमा नै मृत अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको छ।

रामेछाप जिल्लाको खाँडादेवि गाउँपालिका-४, रजगाउँमा एक जना बृद्धा मृत फेला परेकी छन्। मृत फेला पर्नेमा ७३ वर्षीया धनश्री माझी रहेको प्रहरीले जानकारी दिएको छ। माझी १५ घरबाट हिँडेकोमा शुक्रबार बिहान १० बजेको समयमा खाँडादेविको कुहिभिर सामुदायिक वनमा शरीरको पुरै भाग सडेको र कंकाल मात्र बाँकी रहेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

रामेछाप जिल्लाका गोकुलगंगा गाउँपालिका-२, डाँडागाउँमा बारमा अल्फिएर एक नाबालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा पासाङ शेर्पाको छोरी २ वर्ष ५ महिनाकी पासाङ दिकी शेर्पा रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार आफ्नै घर अगाडि करेसाबारीमा लगाएको बारमा शेर्पाले लगाएको कपडाको टोपीको भाग अल्फिएर झुण्डिरहेको अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-६, सुगुरेमा पानीमा डुबेर एक बालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा १३ वर्षीया महना श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार दिउँसो ४ बजेको समयमा खोलामा नुहाउने क्रममा नजिकै रहेको हिउँदे सिचाईका लागि पानी जम्मा गर्ने प्रयोजनार्थ खनिएको खाल्टोमा डुबी बेहोस भएकी थिइन्। श्रेष्ठलाई उपचारका लागि सुनकोशी सामुदायिक अस्पताल खुर्कोट लगिएकोमा शुक्रबार दिउँसो ३ बजेको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरी जानकारी दिएको छ।

# अवैध खाद्यान्न सामग्री बरामद

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध खाद्यान्न सामग्री बरामद गरेको छ।

शुक्रबार पूर्वपश्चिम राजमार्ग खण्डमा वीरगञ्जबाट हेटौंडा आउँदै गरेको ना ५ ख १३०० नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षा जाँच गर्दा बसको डिक्कीबाट अवैध चामल ७ बोरा, प्याज साढे ३ क्विन्टल, चिनी २ क्विन्टल र तेल २७ लिटर बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। अवैध सामान नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

# युवा संघ गढीमा सिलवाल

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपालको मकवानपुरगढी गाउँपालिका अधिवेशन शनिबार सम्पन्न भएको छ। अधिवेशनबाट विष्णु प्रसाद सिलवालको अध्यक्षतामा २१ सदस्यीय गाउँ कमिटी सर्वसम्मत निर्वाचित भएको छ। अधिवेशनबाट उपाध्यक्षमा जीवन विष्ट, सचिवमा प्रदीप स्याङ्तान, उपसचिवमा अनिल पुडासैनी, उपसचिवमा किरण खनाल र कोषाध्यक्षमा शारदा घिमिरे चयन भएका छन्।

# पहाडी र शाहले मुक्तक सुनाए

समाज संवाददाता

हेटौँडाः मुक्तक मञ्च मकवानपुरले मुक्तककारद्वय राजबाबु पहाडी र शोभा शाह थापाको मुक्तकवाचन कार्यक्रम गरेको छ। कार्यक्रममा मुक्तककारद्वयका ६/६ मुक्तकका साथमा साहित्य सर्जकहरू तुलसी घिमिरे, पुरुषोत्तम आचार्य, भवानी तिमल्सिना, स्वस्तिका बानियाँलगायतले मुक्तक वाचन गरेका थिए।

वाचकद्वयका मुक्तकमाथि साहित्य सर्जक देवराज तिवारीले समीक्षात्मक टिप्पणी गर्नुभयो। कार्यक्रममा स्रष्टाहरूलाई मायाको चिनो तथा प्रशंसापत्र प्रदान गरिएको थियो। मुक्तक मञ्च मकवानपुरको १५औं नियमित मुक्तक वाचन श्रृङ्खला साहित्य सङ्गम तथा सिस्नुपानी मकवानपुरको संयुक्त भवनमा भएको हो। कार्यक्रममा मञ्चका अध्यक्ष सागर तिमल्सिनाको अध्यक्षता, सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको प्रमुख आतिथ्यता रहेको थियो।

# दुई संस्थालाई सहयोग

समाज संवाददाता

हेटौंडाः नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारण सभाको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत निर्माण व्यवसायी महिला समन्वय समितिको व्यवस्थापनमा मकवानपुरका दुई संस्थालाई आर्थिक सहयोग उपलब्ध गराइएको छ।

शनिबार बिहान निर्माण व्यवसायी महिला समन्वय समितिका पदाधिकारीहरू र निर्माण व्यवसायी संघ मकवानपुरका पदाधिकारीहरूको उपस्थितिमा आर्थिक सहयोग उपलब्ध गराइएको हो। सेन्टर फर अटिजम र श्रीमद्भागवत ज्ञानसञ्चार वृद्धाश्रम श्री लक्ष्मी वैंकटेश मन्दिरलाई २५–२५ हजार रुपैयाँ उपलब्ध गराइएको हो। निर्माण व्यवसायी महिला समन्वय समिति संयोजक गंगा पोखेलले समाजसेवा नै सबैभन्दा उत्कृष्ट सेवा भएकाले सबै पेशा र वर्गका मानिस समाजसेवामा लाग्नु पर्ने बताउनुभयो। निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्र चौलागाईंले निर्माण व्यवसायी महिला समन्वय समितिको सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

# संसदीय पत्रकारितासम्बन्धी अन्तरक्रिया सम्पन्न



समाज संवाददाता

सौराहाः बागमती प्रदेशसभा सचिवालयलको आयोजनामा भएको २ दिने संसदीय पत्रकारितासम्बन्धी सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। चितवनको सौराहामा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको प्रमुख आतिथ्यमा शुक्रबार र शनिबार २ दिने अन्तरक्रिया भएको हो।

संसदीय विधि व्यवस्थापनको प्रक्रिया तथा संसदीय पत्रकारिताको विषयमा प्रदेशसभा र सञ्चारकर्मीले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा अन्तरक्रिया भएको हो। कार्यक्रममा पहिलो दिन राष्ट्रियसभाका पूर्वसचिव राजेन्द्र फुयाँलले संसदको कार्य, यसको प्रभावकारिता, अवस्थालगायतका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो।

अन्तरक्रियामा संसदीय विधि र व्यवस्थापन प्रक्रियाअन्तर्गत् नीति तथा कार्यक्रम, पूर्व बजेट छलफल, राजश्व र व्यापारको अनुमान पेश, विधेयक पारित प्रक्रिया, शून्य सयम, विशेष समय तथा मुख्यमन्त्रीको जवाफलगायतका संसदीय प्रक्रियाका विषयमा जानकारीसमेत गराइएको थियो। कार्यक्रमको दोस्रो दिन संसदीय पत्रकार हरिबहादुर थापाले संसद र संसदीय पत्रकारिताअन्तर्गत् पत्रकारिताको पृष्ठभूमि र सञ्चारकर्मीको भूमिका, संसदीय पत्रकारिता, संसद र पत्रकारिताको आचार संहिता, सूचना प्राप्तिको आधार एवम् सभा र समितिको सूचना सम्प्रेषणसम्बन्धमा जानकारी गराउनुभयो। कार्यक्रममा प्रदेशसभा सचिव कृष्णहरि खड्का, प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जी, पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगर, पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारीलगायतको आतिथ्य रहेको थियो।

# उद्घोषण कलासम्बन्धी तालिम

समाज संवाददाता

हेटौँडाः बस्तिपुर जेसीज हाँडीखोलाले आफ्ना सदस्यका लागि उद्घोषण तालिमको आयोजना गरेको छ। बस्तिपुर जेसीज हाँडीखोला वर्ष २०२४ का अध्यक्ष अमृत पाठकको सभाध्यक्षता तथा वर्ष २०१८ का शाखा अध्यक्ष तथा वर्ष २०२४ का प्रमुख बोर्ड सल्लाहकार राममणि बर्तौलाको प्रमुख आतिथ्यमा तालिमको उद्घाटन कार्यक्रम भएको थियो।

तालिमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष पाठकले आगामी दिनमा पनि जेसीजले यस्ता खालको तालिमहरु प्रदान गरी नेतृत्व र व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँदै जाने बताउनुभएको छ। प्रमुख अतिथि बर्तौलाले युवा पुस्ताको संगठनको रुपमा जेसीजले नेतृत्व र व्यक्तित्व विकासमा सहयोग गर्ने बताउनुभयो। कार्यक्रममा प्रशिक्षकको रुपमा रुपक कालिराज रहनुभएको थियो। कार्यक्रममा बस्तीपुर जेसीज हाँडीखोलाको २०२२ को शाखा अध्यक्ष तथा वर्ष २०२३ को राष्ट्रिय उपाध्यक्ष तेज प्रसाद उप्रेती (रमेश), वासुदेब टोल विकास संस्थाका अध्यक्ष रामबहादुर घलानको पनि आतिथ्य रहेको थियो।

# बुद्धिजीवी परिषद्मा रिजाल

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादी निकट नेपाल बुद्धिजीवी परिषद् (समाजवादी) मकवानपुरको शनिबार भेला भएको छ। भेलाले विनोद रिजालको अध्यक्षतामा परिषद्को १५ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ। उपाध्यक्षमा गीता सन्जेल, सचिव सरस्वती तिमल्सिना, सह कोषाध्यक्ष रामचन्द्र पाठक लगायत रहेका छन्।

नेपाल बुद्धिजीवी परिषद्का केन्द्रिय सदस्य किशोर ब्लोन नियोगको अध्यक्षता तथा परिषद्का केन्द्रीय वरिष्ठ उपाध्यक्ष सिताराम घलेको प्रमुख आतिथ्यमा भेला भएको हो। भेलामा एकीकृत समाजवादीका पोलिटव्युरो सदस्य घनप्रसाद गौतम, पार्टी जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य मुनु सिग्देल, जिल्ला अध्यक्ष बिष्णुप्रसाद दहाल, जिल्ला सचिवालय सदस्य किशोर बर्तौला लगायतको उपस्थिति रहेको थियो।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ